**मिति २०७५÷२÷१० को फलेवास नगरपालिकाको बैठकका महत्वपूर्ण निर्णयहरु यस प्रकार छन ।**

१) नगरपालिकाबाट संचालित योजना तथा कार्यक्रमहरुको अनुगमन तथा सुपरिवेक्षण गर्ने नगर उप–प्रमुख संयोजक रहने गरी पालिका स्तरीय र वडा अध्यक्ष संयोजक रहने गरी वडा स्तरीय अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

२) नगरपालिका क्षेत्र भित्र उद्योग ग्राम स्थापना गर्न फ.न.पा.–५ खानीगाउँका वडा अध्यक्ष श्री दिपक शर्मा पौडेलको संयोजकत्वमा ३ सदस्यीय क्षेत्र छनोट समिति गठन गरियो ।

३) आगामी आ.व. ०७५÷०७६ मा बजेट विनियोजन गर्न आगामी जेठ मसान्त भित्र आ–आफ्नो वडाका योजनाहरु प्राथमिकीकरण गरी पठाउने निर्णय गरियो ।

४) यस नगरपालिकाको वडा नं. १ कार्किनेटालाई जेठ १५ गते पूर्ण सरसफाई उन्मुख वडा घोषणा गर्ने साथै सोही दिन फ.न.पा.–२ थापाठाना खुमको होमस्टे उद्घाटन गर्ने निर्णय गरियो ।

५) फलेवास नगरपालिकाको दोश्रो नगर सभा मिति २०७५÷२÷२४ गते गर्ने निर्णय गरियो ।

६) यस फलेवास नगरपालिकाको प्रवक्ताको रुपमा नगर कार्यपालिका सदस्य श्री टिकाराम गौडेललाई तोक्ने निर्णय गरियो ।

७) सवैभन्दा वढि एकिकृत सम्पत्ती कर तिर्ने करदातामध्ये उत्कृष्ट दुईजनालाई पुरस्कृत गर्ने निर्णय गरियो ।